रामकाजि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का
बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०८३

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) अनुसार स्थानीय राजश्व संकलन सरल सहज तया विस्तार गर्न वाञ्छनिय भएकोले मिति २०८३।०३।२५ गते वसेको नगरकार्यपालिकाको वैठकले बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०८३ जारी गरिएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यसं कार्यविधिको नाम "बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का वन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०८३" रहनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ठेक्का" भन्नाले बर्दिवास नगरपालिकाले यस कार्यविधिको प्रकृया पुरा गरी वोलपत्र वा सिलवन्दी दरभाउपत्र वा अन्य कुनै माध्यमवाट आय संकलन गर्न गरेको कार्य सम्झनु पर्दछ।

(ख) "ठेक्का सम्झौता" भन्नाले यस कार्यविधी वा प्रचलित कानून वमोजिम स्थानीय तहको आन्तरिक आय उठाउन स्थानीय तह र अन्य कुनै पक्षवीच शर्त राखी गरिएको सम्झनु पर्छ।

(ग) "कवोल अङ्क (विड प्राइस)" भन्नाले कुनै वोलपत्रको परीक्षण र मुल्याङ्कन समेतबाट कायम हुन आएको रकम सम्झनुपर्छ।

(घ) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ तथा वर्दिबास नगरपालिकाको आर्थिक ऐन सम्झनु पर्छ।

## परिच्छेद २
## स्थानीय निकायको आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था

३. बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोबस्त गर्न सक्ने:-

(१) ऐनको अधिनमा रही स्थानीय तहको सम्वन्धित आर्थिक ऐन र कानुनमा भएको व्यवस्था अनुसार साझा अधिकार सूचिको हकमा प्रदेश सरकारले तोक्ने दर, सेवा शुल्क, दस्तुर प्रदेश सरकारको आर्थिक ऐन अनुसार वा प्रदेश सरकारले नतोकेको अवस्थामा स्थानीय तहले तोकि दर अनुसार आन्तरिक आय असूल गर्न सम्वन्धित स्थानीय तहले एक आर्थिक वर्षको लागि ठेक्का वन्दोवस्त गर्न सक्नेछ। तर स्थानीय तहको आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का वन्दोवस्त गर्दा प्रशासनिक दायित्व वढ्न जाने अवस्थामा वढीमा पाँच वर्ष सम्मको लागि एकै पटक ठेक्का वन्दोवस्त गर्न सकिनेछ, एक आर्थिक वर्षको भन्दा वढि अवधिको ठेक्का बन्दोवस्त गर्दा एक आर्थिक वर्षको न्युनतम कवोल अंकको आधारमा ठेक्का आह्वान तथा बन्दोवस्त गर्नु पर्नेछ। ठेक्का आह्वान तथा व्यवस्थापन विधुत्तिय माध्यम (eGP) वाट समेत गर्न सकिनेछ।



राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मधेश प्रदेश, नेपाल

राममणि अधि...

प्रमुख

स्पष्टीकरण: यस कार्यविधिको प्रयोजनको लागि आन्तरिक आय", भन्नाले नेपाल सरकारवाट तथा प्रदेश सरकार वाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम तथा अन्य विशेष प्रकृतिको अनुदान बाहेक आफनो क्षेत्र भित्र संकलन गर्न पाउने आय सम्झनुपर्छ।

(२) दुई वा दुई भन्दा वढी स्थानीय तहको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपदफा (१) वमोजिम ठेक्का, वन्दोवस्त गर्न सक्नेछन्।

(३) स्थानीय तहले सामान्यतथा आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का वन्दोवस्त गरी ठेक्का सम्झौता कार्य "सम्पन्न गरिसक्नु पर्नेछ यसरी ठेक्का वन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन।

(४) उपदफा (१) वमोजिम ठेक्का वन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ।

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलव्धता, सम्भावित परिचालन, श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन योजना तयार गर्नु पर्नेछ।

(ख) खण्ड (क) वमोजिम असूली कार्य तालिका र कार्यान्वयन कार्य योजना तयार भईसके पछि ठेक्का वन्दोवस्त गर्नको लागि आर्थिक ऐनमा निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्वन्धी कागजात तयार गर्नु पर्नेछ।

(ग) खण्ड (क) वमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा आन्तरिक कुनै आय पाँच लाख रुपैयाँ सम्म उठने भएमा सोझै वार्ता द्वारा र पाँच लाख रुपैयाँ भन्दा वढी उठने भएमा वोलपत्र आह्वान गरी सम्झौता गर्नुपर्नेछ ।

(घ) खण्ड (ग) वमोजिम सिलवन्दी वोलपत्र आह्वान गरी वीस लाख रुपैयाँ सम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा वा कार्यालयको वेव साइटमा कम्तिमा सात दिनको म्याद दिई सुचना प्रकाशन गर्नु पर्नेछ। वीस लाख रुपैयाँ भन्दा वढी भएमा कम्तीमा एक्काइस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा वा वेभ साइटमा सूचना प्रकाशन गर्नु पर्नेछ। वेभ साइटमा मात्र सूचना प्रकाशनको लागि विघुत्तिय माध्यम (eGP) ठेक्का आह्वान गरेको हुनु पर्नेछ।

(ङ) खण्ड (घ) वमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

(१) साविकमा ठेक्का लागि आएको भए कति रकम र के शर्तमा ठेक्का लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित



राममणि अधिकारी

प्रमुख

रामगणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट वुझाँउदा छुट दिईने भए सो कुरा,

(५) वोलपत्र फारम प्राप्त हुने /स्थान खुलाउँदा सम्वन्धित स्थानीय तहको निर्णयले एक भन्दा वढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोप तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिने वा वेवसाइटबाट डाउनलोड गरी फाराम प्राप्त-गर्न सकिने वा विधुत्तिय माध्यम (eGP) वोलपत्र फाराम भर्ने व्यवस्था समेत मिलाउन सकिनेछ। यसरी वेवसाइट वाट डाउनलोड गरिएको वोलपत्र र विधुत्तिय माध्यम (eGP) को वोलपत्र फाराम दाखिला गर्दा उक्त सूचना वमोजिम लाग्ने रकम वुझाउनु पर्नेछ।

(६) वोलपत्र पठाउनु पर्ने तरिका,

७) वोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको कार्यालयको नाम वा अधिकारीको नाम खुलाउँदा सम्वन्धित स्थानीयं तहको निर्णयले एक भन्दा वढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोप तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ।

(८) वोलपत्र वापत लाग्ने मूल्य,

(९) वोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा वोलपत्र खोलिने समय, मिति र स्थान।

(१०) वोलपत्र उपर निर्णय हुने मिति।

(११) जमानत वापत राख्नु पूर्ने रकम वा वैंङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु ।

(च) खण्ड (ङ) को उपखण्ड (८) बमोजिम वोलपत्र फारमको दस्तुर कायम गर्दा न्युनतम कवोल अंक वमोजिम देहायको दस्तुर कायम हुनेछ।

(१) वीस लाख रुपैयाँ सम्मको लागि एक हजार रुपैयाँ

(२) वीस लाख रुपया भन्दा माथि पाँच करोड रुपैयाँ सम्मको लागि तीन हजार रुपैयाँ।

(३) पाँच करोड रुपैयाँ भन्दा माथि दश करोड रुपैयाँ सम्मको लागि पाँच हजार रुपैयाँ

(४) दश करोड रुपैयाँ भन्दा माथि पच्चीस करोड रुपैयाँ सम्मको लागि दश हजार रुपैयाँ ।

(५) पच्चीस करोड भन्दा माथि जतिसुकै रकमका लागि वीस हजार रुपैयाँ मात्र ।

(छ) खण्ड (ङ) वमोजिम प्रकाशन सूचनाको म्यादभित्र पर्न आएका वोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी वोलपत्रदाताले दिंदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी वोलपत्रदाताको सम्वन्धमा हुने कारवाही, वोलपत्रदाताको एजेन्टले पेश गर्नपर्ने विवरण तथा अन्य कार्यविधि यसै कार्यविधिमा उल्लेख भए वमोजिम हुनेछ ।

(ज) खण्ड (घ) वमोजिम प्रथम पटक वोल पत्र आव्हान गर्दा वोलपत्र पर्न नआएँमा वा



रामगणि अधिकारी

राममणि अधिकारी

रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा वा नगरकार्यपालिकाले पूनः बोलपत्र सूचना आह्वान गर्ने निर्णय गरेमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनःसूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्ने। सात दिने सूचनाको हकमा कम्तिमा ५ दिन म्याद राखी 'पून:बोलपत्र आह्वान गर्नुपर्नेछ।

झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा २१दिनको बोलपत्रको हकमा सात दिन पुन म्याद दिई खण्ड(४) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिको वढावढी सूचना प्रकाशन गर्नु पर्नेछ- :

(१) बढावढ हुने स्थानीय निकायको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु,

(५) उपदफा (४) को खण्ड(ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढावढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कवूल अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने स्थानीय तहको उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंङ्कवाट मान्यता प्राप्त "क" वर्गको बैंकले जारी गरेको एक सय बीस दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राखु पर्नेछ ।

तर यसरी सूचना प्रकाशित गर्दा पनि स्थानीय तहले तोके बमोजिमको न्यूनतम अङ्क पनि कंवोल अङ्क हुन नआएमा वा सारभूत रुपमा प्रभावग्राही छनौट हुन नसकेको अवस्थामा स्थानीय स्तरको सम्वन्धित राजश्व परामर्श समितिको वैठकको सिफारिस आवश्यक प्रकृया अपनाइ आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

(६) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले पन्ध्र दिन भित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको चलान पूर्जी नलिए सम्म पट्टा नउठाए सम्म सो ठेक्का कबुल गर्ने मध्ये ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानत वालाहरुको जमानत स्थानीय निकायले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपदफा (४) अन्तर्गत प्रकाशित सूचनामा बढावढको लागि तोकि दिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढावढको लागि तोकिदिएको स्थान वा माध्यमा वाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारवाही गरिने छैन ।

(८) एकमात्र बोलपत्र परेको कारणले मात्र कुनै पनि बोलपत्र अस्वीकृत हुने छैन् ।

४. <u>ठेक्का स्वीकृत गर्ने:</u> (१) दफा ३ को उपदफा (४) अन्तर्गत प्रकाशित सूचना वमोजिम दाखिला भएको कुनै वा सवै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक स्थानीय तहले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सबैभन्दा वढी कवोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ।

राममणि अधिकारी

(३) दफा ३)को उपदफा(४) को खण्ड(झ) बमोजिम सार्वजनिक बढाबढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्ने बालाको डाँक तत्कालै दफा ३ को उपदफा (५) बमोजिमको धरौटी वा वैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ।

(४) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढ डाँक स्वीकृत गर्ने अधिकार स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

५. पट्टा दिने र कबुलियत गराउनेः (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसके पछि ठेक्का बन्दोवस्त गर्ने स्थानीय तह वा अधिकारीले स्वीकृत भएको सात दिन भित्र सो कुराको सूचना वोलपत्र दाता वा डाँकवालालाई दिनुपर्नेछ।

(२) उपदफा (१)बमोजिम सूचनाको अवधि पन्ध्र दिनको सम्झौताको म्याद दिई सो म्याद भित्र आफ्नो कवूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरास्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ।यस्तो सुचना जारी गर्दा सुचना पाउनुपर्ने व्यक्ति नभेटिएमा स्थानीयको रोहवरमा सुचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेपछि वा इ-मेल मार्फत सूचना पठाए पछि सूचना प्राप्त भएको मानिनेछ।तर यस्तो सूचना कूनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा वा नगरपालिकाको वेभसाइट राखेमा पनि सम्वन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम जारी भएको सुचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जूर भई सर्त अनुसारको रकम दाखिला गरेमा ठेक्का बन्दोबस्त गर्ने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले निजवाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ। त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कवुल बमोजिम कबुलियत गर्न मञ्जूरी निजले नगरेपछिको अवस्थामा निजको जमानत जफत गरेपछि दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का बन्दोवस्त गर्दा त्यस्तो रकम स्थानीय तहले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ वा पहिलो हुने ठेकेदारको जमानत जफत भएको अवस्थामा र योग्यता क्रमको दोस्रो ठेकेदार अर्को बोलपत्रको ठेक्कामा जमानत जफत भई कारवाहीमा परेको अवस्थामा तेस्रो बोलपत्रदातालाई स्वीकृत गर्नुपर्ने भएमा बोलपत्रको ठेक्का रकमको अन्तरलाई मूल्यांकन गरी यस सम्वन्धमा नगरकार्यपालिकाको बैठकले निर्णय गरी पूनः उक्त ठेक्काको बोलपत्र आहवान गर्न वा ठेक्का स्वीकृति गर्न सक्नेछ।

(४) स्थानीय तहले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोवस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिती समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नु पर्नेछ। स्थानीय तहको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ। सो म्याद भित्र पेश नगरेको वा निकासा नदिएको कारणले कार्यालयलाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिवाट हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत कबोल अङ्कको वा ठेक्का रकमको पाँच प्रतिशत रकम नेपाल राष्ट्र बैङ्क बाट "क" वर्ग मान्यता प्राप्त बैङ्कको कम्तीमा छ महिना म्याद भएको पर फरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्वन्धित ठेकेदार संग बोलपत्रमा उल्लेख गरेको ढाँचा बमोजिमको कबोल गराई पट्टा दिनु पर्नेछ।

रामगणि अधिकारी

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

रामभणि अधिकारी

(६) वोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्याद भित्र वोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३ को उपदफा (५) वमोजिम राखेको जमानत जफत भई स्थानीय तहको संचित कोषमा दाखिला हुनेछ। त्यस्तो वोलपत्रदातालाई कालो सूचिमा राखे अधिकार नगरकार्यपालिकालाई हुनेछ र जमानत जफतमा परेको ठेकेदारले नगरपालिका भित्रका कुनै पनि काम कारवाहीमा ३ वर्ष सम्म भाग लिन नपाउने निर्णय नगरकार्यपालिकाले गर्न सक्नेछ। एकैपटक सूचना प्रकाशन भई छुट्टाछुट्टै वोलपत्रमा संलग्न भएको भए एक वोलपत्रमा कारवाहीमा परेको भएमा स्वतः अन्य ठेक्कावाट पनि कारवाही भएको मानी स्वत योग्यताक्रम वाट हटाईने छ ।

६. <u>ठेक्का रकमको किस्ता बुझाउने तरिकाः</u> (१) स्थानीय तहले आन्तरिक आय उठाउने कार्यको ठेक्का वन्दोवस्त गर्दा असूल गर्नु पर्ने किस्ता को अङ्क निर्धारण ठेक्का सम्वन्धी सूचना र वोलपत्रमा उल्लिखित असूली कार्य तालिका र अन्य शर्त वमोजिम हुनेछ । तर यसरी कार्य तालिका वनाउँदा राजस्व उठने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको मिलान समय भएको र किस्ताहरु वीचको समयान्तर चार महिना भन्दा वढी नभएको हुनुपर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुस्ट रुपमा वुझाएमा औचित्य हेरी वढीमा पाँच प्रतिशत सम्म छूट दिन सकिनेछ ।तर यस्तो छुटको प्रतिशत वोलपत्र वा वढावढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ

७. <u>ठेक्का तोड्ने :</u> (१) पट्टा कवुलियतको कुनै शर्त वर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त वमोजिम गर्नु पर्ने कुनै काम नगरेमा वाहेक यस कार्यविधि वमोजिम पट्टा कवुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै वीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन।

(२) कुनै ठेकेदारले स्थानीय तहले तोकेको दरभन्दा वढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका माल वस्तुमा कर, सेवा शुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारवाट असूल गरी सम्वन्धित व्यक्तिलाई सम्वन्धित स्थानीय तहले फिर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ, यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम प्राप्त रकम भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपरमा नभए सरकारी वाँकी सरह असूल उपर गरी निजको नाम कालो सूचीमा राखी अन्य स्थानीय तहहरु र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपदफा (३) वमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको वाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्य तालिका वमोजिम गनि महशुल असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपदफा (३) वमोजिम ठेक्का तोडिएकोमा त्यसवाट स्थानीय तहलाई भएको नोक्सानी र स्थानीय तहले ठेकेदारवाट लिनु पर्ने वाँकी भएमा त्यसको दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतवाट असूल नभए निजबाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ। तर आफ्नो कावु



रामभणि अधिकारी

...को परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने सम्वन्धित स्थानीय तहको सभाले सो वमोजिम असूल गर्नुपर्ने रंकम मध्ये सम्वन्धित राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ।

८. बक्यौता रकम तथा राजश्व छलीको असुली सम्बन्धी व्यवस्था :(१) स्थानीय तहले विभिन्न कारणवाट असूल हुन नसकी बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्य योजना वनाई रकम असूल उपर गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम असूल गर्नुपर्ने रकम असूलीका लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम सहयोग प्राप्त बक्यौता रकम असूली भएमा सम्वन्धित व्यक्ति वा संस्थालाई स्थानीय तहले असूली अङ्कको वढीमा १० (दश) प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ, एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियता मा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाही उपलब्ध गराउनु पर्नेछ।

(४) राजश्व छलि गर्ने, चोरी निकाशी गर्नेवाट नगर कार्यपालिकाले तोकेको दण्ड जरिवाना अनुसार रकम असुल भएमा सो कार्यमा सहयोग गर्नेलाई असूल उपर रकमको २० (वीस) प्रतिशत रकम पुरस्कार स्वरुप उपलब्ध गराईनेछ ।

(५) उपदफा (१) (२) र (३) वमोजिमको प्रकयावाट पनि रकम असुल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

९. मिलेमतो गरेमा कारवाही सम्बन्धी व्यवस्था : (१)प्रतिस्पर्धात्मक पद्धती विपरित हुने गरी कुनै ठेकेदारले मिलेमतो गरेको प्रमाणित हुन आएमा त्यस्तो ठेकेदारलाई नगर कार्यपालिकाले कारवाही गरी निजको जमानत रकम जफत गर्न सक्नेछ र आफ्नो क्षेत्रमा ३ (तीन) वर्ष सम्म कालो सूचिमा राखि कामकारवाहीमा भाग लिन नपाउने निर्णय गर्न सक्नेछ ।

१०. कागजातको परीक्षण :(१) वोलपत्रमा,भाग लिने ठेकेदारको सम्वन्धित कार्यको लागि इजाजत प्राप्त गरेको कागजात, नविकरण, कर चुक्ता, वैंक जमानत जस्ता आवश्यक कागजातहरुको विशेष परीक्षण पश्चात मात्र सम्झौताका लागि पत्राचार गरिनेछ।कागजातको परीक्षण गर्ने अधिकार नगरपालिकाको खरिद इकाइ तथा तोकेको वोलपत्र मूल्याँकन समितिलाई रहनेछ ।

११. ठेक्का मूल्याँकन समिति: १) ठेक्का मूल्याँकन समितिको गठन देहाय वमोजिम हुनेछ।

क) स्थानीय तहको कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत - संयोजक

ख) स्थानीय तहको आर्थिक प्रशासन शाखाको प्रमुख - सदस्य

ग) स्थानीय तहको सम्वन्धित प्राविधिक (सम्भव भए सम्म अधिकृत स्तर) - सदस्य

घ) स्थानीय तहमा कानुन अधिकृतको दरवन्दी रहेमा कानून अधिकत - सदस्य

ङ) स्थानीय तहको राजश्व उपशाखा हेर्ने प्रमुख - सचिव

(२) मुल्याँकन समितिले आफनो कार्यविधि आफै वनाई काम गर्न सक्नेछ, र मुल्याँकन समितिमा आवश्यकता अनुसार कर कार्यालयको कर अधिकृत लगायत अन्य विषय विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

१२) <u>ठेक्का सम्वन्धी अन्य कुराहरुको हकमा:-</u> (१) प्रकाशित सूचना, बोलपत्रमा भएको शर्तहरु, संघ सरकार र प्रदेश सरकारले निर्माण गरेका आय संकलन सम्वन्धि कानुन अनुसार हुनेछ।

१३) <u>खारेजी तथा वचाउ:</u> (१) बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त गर्ने सम्वन्धी कार्यविधि २०७५ खारेज गरिएको छ।

(२) बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त गर्ने सम्वन्धी कार्यविधि २०७५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

१४) <u>संशोधन:-</u> (१) नगर कार्यपालिकाले यस कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

रामणि अधिकारी